# मध्यपुर थिमि नगरपालिकाले आ.ब. ०६७/०६८ मा सम्पन्न गरेको

# योजना तथा कार्यक्रमहरुको

# **बार्षिक समिक्षा**

२०६८

## **प्रतिबेदन**

### **१) पृष्ठभूमि**

यस नगरपालिकाले आ.ब २०६७/२०६८ मा सम्पादन गरेका काम कारबाहीको बिषयमा नगरबासीहरुको राय सल्लाह, सुझाब,गुनासो,बुझनका लागी २०६८ असोज ४ गते बुधबारका दिन दिउसो २.३० बजे कृषी बिकास बैक तालिम केन्द्र सिन्टीटार ,बोडेमा बाषिक प्रगती समिक्षा कार्यक्रम संचालन भयो ।

स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ले निर्दिष्ट गरेका उद्धेश्य तथा क्षेत्रगत आधारहरुलाई स्थानीय निकायवाट सेवा प्रवाह गर्ने र विकेन्द्रीकृत विकास प्रकृयालाई अग्रसरता दिई समाजमा आधारित शहरी विकास गर्ने कार्य नगरपालिकावाट गरिने स्पष्ट व्यवस्था रहेको छ । नियमित रुपमा सम्पादित कार्यहरुको वार्षिक रुपमा समिक्षा गर्न नगरपालिकाले भए गरेका कार्यहरुको आदान प्रदान गर्ने संस्कारको विकास वाट निर्दिष्ट आधारमा आगामी दिनमा गरिने कार्यहरुलाई निर्देशित गर्न मद्धत पु-याउछ । यसवाट आगामी वर्ष तथा दिर्घकालीन निति तथा कार्यक्रमका आधार समेत तयार पार्न सहयोगी भई संस्थागत प्रणालीको विकासमा अभिवृद्धी गर्ने अभिप्रायले यस नगरपालिकाको आ.वं.०६७०६८को बार्षिक प्रगती समिक्षा तयार पारिएको हो ।

बार्षिक प्रगती समिक्ष कार्यक्रम संचालनमा जिल्ला स्थित बिभिन्न कार्यलयहरु ,बिषयगत कार्यालयहरु,न.पा.माप्रतिनिधित्व गर्ने सर्बदलिय संयन्त्रका प्रतिनिधिज्युहरु, राजनितिदलका प्रतिनिधिज्युहरु, पुर्ब जनप्रतिनिधिज्युहरु, उधोग बाणिज्यसंघ, भक्तपुर, बिभिन्न संघसंस्था,नागरीक समाज, पत्रकार, बिभिन्न गन्यमान्य ब्यक्तीहरु र नगरपालिकामा कार्यरत कर्मचारीहरु लाई आमन्त्रण गरिएकोमा सोही अनुसार कार्यक्रम भयो ।

### **२) उदेश्य**

क) नगरपालिकाको लक्ष्यअनुसार काम भए नभएको बारेमा नगरबासीहरुलाई जानकारी गराउनु ।

ख) नगरपालिकाले नगरबासीको हित र चाहना अनुरुपको काम भयो वा भएन जानकारी प्राप्त गर्न ।

ग) नगरपालिकाले गरेका सेबा प्रबाहमा मा के कस्ता कमी कमजोरी भए सो को जानकारी प्राप्त गर्न
घ) नगरपालिका बाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा,बस्तु,सुबिधा सार्बजनिक गर्ने

ङ) नगरपालिका बाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा,सुबिधा बस्तुमा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

च) क्षेत्रगत कार्यप्रगती विवरणको समिक्षा गरी नपा सर्वदलिय संयन्त्रवाट आवश्यक थप राय तथा सुझाव लिई आगामी सम्पादित कार्य पद्धतीलाई अझ व्यवस्थित गर्नु ।

छ) आगामी आ.व.को निति तथा कार्यक्रम तथा वार्षिक वजेटको उद्धेश्यहरु निर्धारण गर्नु

ज) समिक्षा पद्धतीलाई संरचनागत आधार दिई नियमित समिक्षा पद्धतीलाई संस्थागत विकास गर्नु ।

**३) कार्यक्रम**

यस नगरपालिकाले सम्पन्न गरेका सेबा प्रबाह बिभिन्न कार्यहरुका बारेमा २०६८असोज४गते बिहिबाबारका दिन दिउसो २.३० बजे कृषी बिकास बैक तालिम केन्द्र सिन्टीटार,बोडेमा बाषिक समिक्षा कार्यक्रम संचालन भयो । नगरपालिकाको प्रमुख तथा कार्यकारी अधिकृत्त श्री राम कष्ण उप्रती को अध्यक्ष्यता रहेको थियो भने सो कार्यक्रमा न.पा.मा प्रतिनिधित्व गर्ने सर्बदलिय संयन्त्रका प्रतिनिधिज्यु हरुमा ने.का मध्यपुर थिमी नगरसभापति अष्ठ कुमार कवे, ए.माओबादीका बालकृष्ण श्रेष्ठ, एमाले का मदनसुन्दर श्रेष्ठ, मजदुर किसान पार्टीका केदार खडका (बडा नं३ का पुर्ब वडा अध्यक्ष्य) मालेका चन्द्र गोपाल श्रेष्ठ,रा.प्र.पा का पंचकृष्ण श्रेष्ठको,अथित्यता रहेको थियो । उक्त कार्यक्रममा ,पत्रकार,बिभिन्न बिषयगत कार्यालयहरु ,गन्यमान्य ब्यक्तीहरु र नगरपालिकामा कार्यरत कर्मचारीहरु सहित ४५ जनाको सहभागिता रहेको थियो। यस न.पा का प्रशासन प्रमुख धनकृष्ण श्रेष्ठले कार्यक्रम संचालन गर्नु भएको थियो उपस्थित माहानुभाबहरु लाई बरिष्ठ ई. ईन्जिनियर सत्य नारायण साहले स्वागत, **reporting** को कार्य ब.कानुन अधिकृत केशब सिलवालबाट भएको थियो ।

यस नगरपालिका बाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा,बस्तु,सुबिधा को सर्न्दभमा बाषिक प्रगती समिक्षा कार्यक्रम संचालन कार्यक्रममा सहभागीहरुवाट आएका जिज्ञाशा तथा सुझावहरु निम्न अनुसार रहेको ।

१. हरिदाश प्रजापति, पुर्व वडा अध्यक्ष वडा नं. ८

- आम्दानी नभईकन खर्च मात्र गर्न नहुने ।
- नगरपालिकामामा प्रवेश गर्ने गाडीमा पैसा संकलन गर्नु पर्ने
- सिफारिस लिनु पुर्व घर जग्गा कर लिने कार्य राम्रो भएता पनि जनमानसमा जनचेतना कार्यकार्यक्रम पनि लानु पर्ने ।

- पसल दर्ता गर्न आउँदा झमेलाको वातावरण भएको ।
- नगरपालिकाले साँस्कृतिक सम्पदा संरक्षणका लागि योजना बनाउनु पर्ने ।

२. धर्म सुन्दर बज्राचार्य, योजना तर्जुमा समितिका सदस्य

- योजना तर्जुमा समितिको बैठकमा प्रभावकारी नभएको र सदस्यहरुमा योजना तर्जुमा समितिको काम कर्तव्य वारे स्पष्ट नभएको ।
- प्रगती समिक्षा जस्तो कार्यक्रममा व्यापक रुपमा सहभागी गराउनु पर्ने ।
- विनियोजित बजेटमा करिव ३१ प्रतिशत खर्च नहुनु ज्यादै नराम्रो भएको ।
- नगरपालिकाको पहिचान वोकेको संस्कृति,शिक्षा, कृषि, स्वास्थ्यको पनि प्रस्तुति गर्नु पर्ने।

३.रमेश लाल श्रेष्ठ,डि.स.का भक्तपुर

- सहकार्य गरेर सडक मर्मत,सम्भार गर्दा राम्रो हुने ।
- सडक मापदण्ड अनुसार व्यवस्थित शहरीकरणका कार्यान्वयन गर्नु पर्ने ।

४.रमेश के.सी के.उ के .एल ठिमी शाखा

- खानेपानी को सप्लाईको बारेमा नगरबासी हरुलाई जानकारी हुने पर्ने ।

४.केशब प्रसाद गेलाल ने.बि.प्रा. ठिमी शाखा

- सडक बत्ति व्यवस्थापनका लागि सहकार्य गर्नु पर्ने।
- नगरपालिकाले स्थानीय सरकारको रुपमा काम गर्नु पर्ने ।

५. रामकृष्ण शंखदेब मध्यपुर पोष्ट

- करको दायरामा ल्याउन विभिन्न कार्यक्रमहरु ल्याउनु पर्ने ।
- फो.मै.व्य.सम्वन्धी जनचेतनामुलक कार्यक्रम प्रत्येक वडामा लानु पर्ने ।
- समग्रमा कार्यक्रम राम्रो ।

६. सागर गुरागाई थिमी टाईम्स

- नगरपालिका बाह्य श्रोतमा वढी निर्भर भएको, आन्तरिक श्रोतलाई व्यवस्थित गर्नु पर्ने ।
- बजेट विनियोजित भएर पनि काम गर्न नसक्नु प्रशासनिक कमजोरी हो ।

**४. जबाफ**

उठेका प्रश्न एंब जिज्ञासाहरुको जबाफ सम्बन्धित शाखा प्रमुख बाट दिईयो ।

फोहोरमैला ब्यबस्थापन र सरसफाई को सर्न्दभमा शा.बि शाखा प्रमुख तुल्सी भक्त तको ले, आर्थिक प्रशासन को सन्दर्भमा लेखापाल गगां राम धेकेले र योजनागत कार्यक्रम, अयिमित निमाणको सर्न्दभमा ब. ईन्जिनियर सत्य नारायण साहले प्रष्ट पार्नु भयो । न.पा.मा प्रतिनिधित्व गर्ने सर्बदलिय संयन्त्रका प्रतिनिधिज्युहरु ले यसवाट नियमित रुपमा सम्पादित कार्यहरुको वार्षिक प्रगती समिक्षा गर्नाले नगरपालिकाबाट भए गरेका कार्यहरुको आदान प्रदान गर्ने संस्कारको विकास भई आगामी दिनमा गरिने कार्यहरुलाई निर्देशित गर्न मद्धत पु-याउन सहयोग पुग्नेमा आसाबादी रहेको ब्यक्त गरे । उपस्थित माहानुभाबहरु लाई बरिष्ठ कानुन अधिकृत केशब सिलवाल ले स्वागत गर्नु भएको थियो भने नगरपालिकाको प्रमुख तथा कार्यकारी अधिकृत्त श्री रामकृष्ण उप्रतीले  यो समिक्षाबाट आगामी वर्ष तथा दिर्घकालीन निति तथा कार्यक्रम तयार पार्न सहयोगी पुग्नुका साथै कार्यक्रमको उदेश्य बारे प्रकाश पार्दै न.पा संग सम्बधित अन्य जिज्ञाशाको सर्न्दभमा स्पष्ट गर्दै नगरबासीको चाहाना,भाबना अनुसार नगरलाई अगाडी बढाउने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

**५) उपलब्धी**

- क)नगरपालिकाको लक्ष्यअनुसार काम भए नभएको बारेमा नगरबासीहरु संग छलफल गर्ने मौका मिल्यो ।

- ख) नगरपालिकाले नगरबासीको हित र चाहना अनुरुपको काम भयो वा भएन जानकारी प्राप्त गर्न मौका मिल्यो ।

- ग) नगरपालिकाले गरेका सेबा प्रबाहमा मा के कस्ता कमी कमजोरी भए सो को जानकारी प्राप्त  गर्न मौका मिल्यो ।

- घ) नगरपालिकाबाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा,बस्तु,सुबिधा सार्बजनिक गर्ने मौका मिल्यो ।

- ड) नगरपालिका बाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा,सुबिधा बस्तुमा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने मौका मिल्यो ।

- च) नगरपालिका बाट संचालित,सम्पादित काम कारबाहीहरु तथा कार्यक्रम सम्बन्धमा नगरबासीको तर्फबाट समयसापेक्ष सुधारको लागी सुझाब प्राप्त गर्ने मौका मिल्यो ।

- छ)आगामी आ.व को निति तथा कार्यक्रम तथा वार्षिक वजेटको उद्धेश्यहरु निर्धारण गर्नु का लागी सुझाब प्राप्त भयो ।

## ६) निष्कर्ष

प्रस्तुत बाषिक प्रगती समिक्षाले, न.पा.सर्वदलिय संयन्त्र तथा नगरपालिका वोर्ड/परिषदवाट नगरपालिकाको दिर्घकालीन एंव सन्तुलित विकास अवधारणाका आधारमा विकास पद्धतिलाई डोरयाउन सके वदलिदो परिस्थिति तथा नगरवासीहरुको सेवा पंहुच स्वभाविक रुपवाट सरल, परिस्कृत तथा संस्थागत हुदै जान सक्छ । जुन स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीवाट समेत निर्देशित छ । प्रस्तुत क्षेत्रगत र कार्यगत बार्षिक प्रगतीसमिक्षको प्रगतीका आधारमा समिक्षा गर्दा संक्षेपमा निम्नानुसारका विषयवस्तुहरु आगामी वर्षमा पहल गर्नुपर्ने देखिन्छ ।

- नगरपालिकाको संस्थागत विकास तथा सेवा प्रभावकारीतामा अभिवृद्धि गर्ने ।
- वित्तिय व्यवस्थापन तथा श्रोत परिचालन लाई नगर विकासको मूल आधार वनाउने ।
- व्यवस्थित शहरी विकासमा आधारित भौतिक पूर्वाधार विकासको गतिलाई तिव्रतर वनाउने ।
- स्थानीय कला, संस्कृति, सम्पदा,वातावरणको संरक्षण एंव प्रवर्द्धन गरी दिगो पर्यटन विकासमा आधारित प्राचिन सम्पदा र साँस्कृतिक विशेषतायुक्त पर्यटकिय नगरको रुपमा विकास गर्ने ।
- दिर्धकालीन योजनाहरु तर्जुमा गरी कार्यान्बयन गर्नु पर्ने ।
- समाबेशी र समानुपातिक मा अधारित बजेट निमाण गर्नु पर्ने ।

## कार्यक्रमका झलक




बार्षिक कार्य प्रगति विवरण प्रस्तुत गर्दै कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती



बार्षिक योजना प्रगति विवरण प्रस्तुत गर्दै बरिष्ठ ई. श्री सत्य नारायण साह





बार्षिक प्रगति समिक्षा कार्यक्रमका सहभागीहरु



